**ग्रीन भेन्चर्स लिमिटेडको (पब्लिक लिमिटेड कम्पनीमा परिणत भइसकेपछिको)**
**छैठौ वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट**
**अध्यक्ष श्री विरेन्द्र कुमार संघईद्धारा प्रस्तुत**
**वार्षिक प्रतिवेदन**

**कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा (४) बमोजिम संचालक समितिको प्रतिवेदन आर्थिक वर्ष २०८०।०८१**

आज यहाँहरु समक्ष आ.व. २०८०।०८१ को लेखापरीक्षकद्धारा प्रमाणित वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु तथा लेखापरीक्षकको प्रतिवेदन अनुमोदनको लागी पेश गर्दै कम्पनीले आ.व. २०८०।०८१ मा प्राप्त गरेको उपलब्धि तथा कार्य नीति र आगामि वर्षमा गरिने कार्ययोजनाहरुको विवरण कम्पनी ऐन, २०६३ को व्यवस्था अनुसार तपशिलमा पेश गरेको छु ।

**क) विगत वर्षहरुको कारोबारको सिंहावलोकन :**

यस कम्पनी अन्तर्गतको लिखु -४ जलविद्युत आयोजनाको निर्माण सम्पन्न भै व्यापारिक उत्पादन र बिक्रि २०७८।०७।२१ तदनुसार ७ नोभेम्बर २०२१ बाट शुरु गरि राष्ट्रिय प्रसारण लाइनमा आपूर्ति गरि सफलतापूर्वक संचालन भईरहेको छ ।

**आ.व.२०८०/२०८१ मा आयोजनाको विद्युत उत्पादन र बिक्रि विवरण निम्न बमोजिम छ ।**

| महिना | कन्ट्रयाक्ट उर्जा (kWh) | कन्ट्रयाक्ट उर्जा बापतको रकम (रु.) | बिक्रि गरिएको उर्जा (kWh) | उर्जा बिक्रिबाट आम्दानी (रु.) |
|---|---|---|---|---|
| श्रावण २०८० | ३६,५३५,१८८ | १८०,४८३,८२८।७२ | ४०,७७८,७३५ | १९०,९६५,३९०।५० |
| भाद्र २०८० | ३५,३९३,४६३ | १७४,८४३,७०७।२२ | ३७,९८३,५४० | १८१,२४१,१९७।४१ |
| आश्विन २०८० | ३४,२५१,७३८ | १६९,२०३,५८५।७२ | ३६,५९१,९२० | १७४,९८३,८३५।२६ |
| कार्तिक २०८० | ३०,३८९,३४५ | १५०,१२३,३६४।३० | ३०,४२४,१९० | १५०,२०९,४३१।४५ |
| मंसिर २०८० | २३,७८३,६९८ | १२१,०५९,०२२।८२ | १९,१७२,०३० | ९७,५८५,६३२।७० |
| पौष २०८० | १६,४७४,७७९ | १४६,६२५,५३३।१० | १३,५६६,५०० | १२०,७४१,८५०।०० |
| माघ २०८० | १२,५६१,३३५ | १११,७९५,८८१।५० | १०,१०४,४०० | ८९,९२९,१६०।०० |
| फाल्गुन २०८० | ११,६०१,४९६ | १०३,२५३,३१४।४० | १०,३१४,४८० | ९१,७९८,८७२।०० |
| चैत्र २०८० | ११,२२३,०९६ | ९९,८८५,५५४।४० | १०,०३९,२४० | ८९,३४९,२३६।०० |
| बैशाख २०८१ | ६,९९०,०२८ | ३५,५७९,२४२।५२ | २,६८२,९०० | १३,६५५,९६१।०० |
| जेष्ठ २०८१ | १८,२९३,७५६ | ९३,११५,२१८।०४ | १०,३००,०७० | ५२,४२७,३५६।३० |
| आषाढ २०८१ | ३५,३९३,४६३ | १८०,१५२,७२६।६७ | ३५,३९३,४६३ | १८०,१५२,७२६।६७ |
| **जम्मा** | **२७२,८९१,३८५** | **१,५६६,१२०,९७९।४१** | **२५७,३५१,४६८** | **१,४३३,०४०,६४९।२९** |

GREEN VENTURES LIMITED

आ.व.२०८०/८१ तथा २०७९/८० को तुलनात्मक वित्तिय स्थिति तल उल्लेख गरे बमोजिम रहेको छ।

## वासलात

| विवरण | २०८०/८१ (रु.) | २०७९/८० (रु.) |
|---|---|---|
| **सम्पत्ति** | | |
| **गैर चालू सम्पत्ति** | | |
| सम्पत्ति, मेशिन तथा यन्त्र उपकरण | ४१,५१९,०१२ | ५०,९२५,४९७ |
| अदृश्य सम्पत्ति | १०,३२४,५७८,०११ | १०,७१९,४०२,८३७ |
| आयोजना कार्य प्रगति | २६,०८३,१२४ | २४,६२७,८५४ |
| ल्गानी | १,७३९,३८८ | ३८,५७७,५५५ |
| स्थगन कर सम्पत्ति | - | - |
| **जम्मा गैर चालू सम्पत्ति** | **१०,३९३,९१९,५३५** | **१०,८३३,५३३,७४३** |
| | | |
| **चालू सम्पत्ति** | | |
| जिन्सी मौज्दात | ९६,३६२,८८६ | १९,६२०,६८६ |
| व्यापारिक तथा अन्य आसामी लिनुपर्ने | ३६७,६७७,७६८ | ३७९,१९८,७४५ |
| आयकर सम्पत्ति | १५,८५५,८९८ | ८,३८१,३१४ |
| अल्पकालीन लगानी | २८२,५००,००० | १२१,४५०,००० |
| पूर्व भुक्तानी | २२,४७३,५५६ | २५,२६८,४८४ |
| नगद तथा नगद सरह | ४८,५६१,४१८ | १०६,६२१,९४४ |
| **जम्मा चालू सम्पत्ति** | **८३३,४३१,५२६** | **६६०,५४१,१७१** |
| **जम्मा सम्पत्ति** | **११,२२७,३५१,०६१** | **११,४९४,०७४,९१६** |
| | | |
| **पूँजी तथा दायित्व** | | |
| **पूँजी** | | |
| शेयर पूँजी | ३,१२५,०००,००० | ३,१२५,०००,००० |
| संचित नाफा | ३५१,७६६,४३० | २१८,०३०,१९७ |
| **जम्मा पूँजी** | **३,४७६,७६६,४३०** | **३,३४३,०३०,१९७** |
| | | |
| **द्यायित्व** | | |
| **गैर चालू दायित्व** | | |
| वित्तिय दायित्व | ७,२०४,५९९,१२४ | ७,६८०,८९८,३२४ |
| कर्मचारी सुविधा | - | - |
| स्थगन कर दायित्व | - | - |
| **जम्मा गैर चालू दायित्व** | **७,२०४,५९९,१२४** | **७,६८०,८९८,३२४** |
| | | |
| **चालू दायित्व** | | |
| वित्तिय दायित्व | ४९९,०५३,८८० | ४००,१००,००० |
| व्यापारिक तथा अन्य दायित्व | ४६,९३१,६२६ | ७०,०४६,३९६ |
| आयकर दायित्व | - | - |
| कर्मचारी सुविधा | - | - |
| **जम्मा चालू दायित्व** | **५४५,९८५,५०६** | **४७०,१४६,३९६** |
| | | |
| **जम्मा दायित्व** | **७,७५०,५८४,६३१** | **८,१५१,०४४,७२०** |
| **जम्मा पूँजी तथा दायित्व** | **११,२२७,३५१,०६१** | **११,४९४,०७४,९१६** |

GREEN VENTURES LIMITED

## नाफा तथा नोक्सान विवरण

| विवरण | २०८०/८१ (रु.) | २०७९/८० (रु.) |
|---|---|---|
| बिक्रिबाट आम्दानी | १,४३३,०४०,६४९ | १,५४४,५१५,०४० |
| उत्पादन खर्च | (६९०,७१५,१६०) | (५८६,२४४,६४४) |
| **कूल नाफा** | **७४२,३२५,४८९** | **९५८,२७०,३९६** |
| अन्य आम्दानी | ३९,०९४,१५४ | ५,४४३,४३४ |
| प्रशासनिक खर्च | (२४,०४९,०३४) | (२१,५४४,५७३) |
| अन्य संचालन खर्च | - | - |
| **संचालनबाट नाफा** | **७५७,३७०,६१०** | **९४२,१६९,२५७** |
| खुद वित्तिय खर्च | (६२०,३२२,५२१) | (६२१,१४६,४२२) |
| **कर्मचारी बोनस र आयकर अघिको नाफा** | **१३७,०४८,०८९** | **३२१,०२२,८३५** |
| कर्मचारी बोनस | (१,९५९,०७९) | (६,३११,५८८) |
| **आयकर अघिको नाफा/(नोक्सान)** | **१३५,०८९,०१०** | **३१४,७११,२४७** |
| **आयकर खर्च** | | |
| चालू वर्षको आयकर | - | - |
| स्थगन कर आम्दानी/(खर्च) | - | - |
| **जारी गतिविधिबाट नाफा/(नोक्सान)** | **१३५,०८९,०१०** | **३१४,७११,२४७** |
| **बन्द गतिविधिबाट नाफा/(नोक्सान) - आयकर सहित** | - | - |
| **कर्पोरेट सामाजिक दायित्व (CSR) अघिको नाफा/(नोक्सान)** | **१३५,०८९,०१०** | **३१४,७११,२४७** |
| कर्पोरेट सामाजिक दायित्व | (१,३५०,८९०) | (३,१४७,११२) |
| **यस वर्षको नाफा/(नोक्सान)** | **१३३,७३८,१२०** | **३११,५६४,१३४** |
| | | |
| **प्रति शेयर आम्दानी (प्रति शेयर मूल्य रु.१०० )** | | |
| प्रति शेयर आम्दानी - आधारभूत (Basic) | ४।२८ | ९।९७ |
| प्रति शेयर आम्दानी - परिवर्तित (Diluted) | ४।२८ | ९।९७ |

## नाफा / (नोक्सान) बाँडफाँड हिसाब

| विवरण | २०८०/८१ (रु.) | २०७९/८० (रु.) |
|---|---|---|
| गत वर्षको मौज्दात | २१८,०३०,१९७ | (९३,५२९,५९५) |
| यस आर्थिक वर्षको नाफा /(नोक्सान) | १३३,७३८,१२० | ३११,५६४,१३४ |
| शेयर लगानीमा ह्रास कट्टी | (१,८८७) | (४,३४२) |
| लाभांश वितरण | - | - |
| **जम्मा** | **३५१,७६६,४३०** | **२१८,०३०,१९७** |

**ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर :**

कुनै नकारात्मक असर परेको छैन ।

GREEN VENTURES LIMITED

**ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा संचालक समितिको धारणा :**

चालु आ.व. २०८१/२०८२ को तीन महिनाको अवधिमा यस कम्पनीले प्रकाशित गरिएको अपरिष्कृत आर्थिक विवरण अनुसार बिक्रिबाट आम्दानी रु ५६७,८२२,८९७।०० (अक्षरेपी छप्पन्न करोड अठहत्तर लाख बाईस हजार आठ सय सन्तान्नब्बे) तथा खुद नाफा रु २३९,३१६,१४३।०० (अक्षरेपी तेइस करोड त्रियान्नब्बे लाख सोह्र हजार एक सय त्रिचालिस) भएको थियो । साथै २०८१ श्रावण देखि मंसिर मसान्तसम्मको बिक्रीबाट आम्दानी रु.८४९,२५८,७०८।६१ (अक्षरेपी चौरासी करोड बयान्नब्बे लाख अन्ठाउन्न हजार सात सय आठ रुपैयाँ एकसट्ठी पैसा) प्राप्त भएको थियो ।

**घ) कम्पनीको औद्योगिक वा व्यावसायीक सम्बन्ध :**

कम्पनीले आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्न सम्बन्धित सबै निकाय तथा विभागहरुसंग सुमधुर सम्बन्ध कायम गरिरहन सफल भएको छ ।

**ङ) संचालक समितिमा भएको हेरफेर र सोको कारण :**

प्रस्तुत आर्थिक वर्षमा कम्पनीको संचालक समितिमा भएको हेरफेर र सोको कारणहरू निम्न बमोजिम रहेको छ ।

१. मिति २०८०।१०।०५ मा सम्पन्न भएको पब्लिक लिमिटेड कम्पनीमा परिणत भइसकेपछिको पाँचौं वार्षिक साधारण सभाको निर्णय अनुसार कम्पनीको नियमावलीको नियम २७(२) मा संशोधन गरि संचालक समितिमा पाँच जना संचालक रहने व्यवस्था गरिएको र जसमा संस्थापक शेयरधनी मध्येबाट निर्वाचित ३ जना, सर्वसाधारण शेयरधनी मध्येबाट निर्वाचित १ जना र १ जना स्वतन्त्र संचालक रहने व्यवस्था गरिएको छ ।

२. संस्थापक शेयरधनी तर्फका संचालकहरु श्री साकेत संघई र श्री अर्पित अग्रवालले मिति २०८०।१२।०१ मा संचालक पदबाट व्यक्तिगत कारणले राजीनामा दिनु भई, निजहरुको राजीनामा मिति २०८०।१२।०५ मा बसेको आठौं संचालक समितिको बैठकले स्वीकृत गरेको थियो ।

३. मिति २०८०।१०।०५ मा सम्पन्न भएको पब्लिक लिमिटेड कम्पनीमा परिणत भइसकेपछिको पाँचौं वार्षिक साधारण सभामा श्री भुपेन महर्जन (सेल्ट्रोन नेपाल प्रा.लि.को तर्फबाट प्रतिनिधि) संचालक (सर्वसाधारण शेयरधनी तर्फ) को पदमा नियुक्त हुनु भएको थियो ।

उल्लेखित बमोजिम हाल कायम रहेका संचालक समितिको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | संचालकको नाम,थर र ठेगाना | पद |
|---|---|---|
| १ | श्री विरेन्द्र कुमार संघई, वडा नं.२५, काठमाडौं | संचालक (संस्थापक शेयरधनी तर्फ) |
| २ | श्री हर्ष वर्धन संघई, वडा नं.२५, काठमाडौं<br>(त्रिवेणी इनर्जी प्रा.लि.को तर्फबाट प्रतिनिधि) | संचालक (संस्थापक शेयरधनी तर्फ) |
| ३ | श्री आशिष कुमार अग्रवाल, वडा नं.२८, काठमाडौं | संचालक (संस्थापक शेयरधनी तर्फ) |
| ४ | श्री कमलेश कुमार अग्रवाल, धरान.न.पा.-८, सुनसरी | स्वतन्त्र संचालक |
| ५ | श्री भुपेन महर्जन, का.म.न.पा.-२९<br>(सेल्ट्रोन नेपाल प्रा.लि.को तर्फबाट प्रतिनिधि) | संचालक (सर्वसाधारण शेयरधनी तर्फ) |

GREEN VENTURES LIMITED

**च) कारोबारलाई असर पार्ने मुख्य कुराहरु :**
छैन ।

**छ) लेखापरिक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर संचालक समितिको प्रतिक्रिया :**
कुनै कैफियत नभएको ।

**ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**
मिति २०८१।०९।०५ मा बसेको चौधौं संचालक समितिको बैठकले कम्पनीका शेयरधनीहरुलाई आ.व.२०८०।०८१ सम्मको वितरण योग्य संचित मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशत बोनश शेयर र बोनस शेयर बापतको कर प्रयोजनका लागि ०.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्न साधारण सभामा प्रस्ताव पेश गर्ने निर्णय गरेको छ ।

**झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मुल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो शेयर बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भए पछि सो शेयर बिक्रि गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण :**
शेयर जफत भएको छैन ।

**ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगती र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :**
कम्पनीको कारोबारको प्रगती सम्बन्धी विवरण वित्तिय विवरणमा उल्लेख छ । साथै सहायक कम्पनीहरुको विवरण कम्पनीको कन्सोलीडेटेड वित्तीय विवरणमा उल्लेख छ ।

**ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधीमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपुर्ण परिवर्तन :**
कम्पनीको प्रमुख कारोबार विद्युत उत्पादन तथा विक्री गर्ने रहेको र सहायक कम्पनीमा कुनै पनि कारोबार नभएको । साथै कम्पनीको कारोबारमा कुनै महत्वपुर्ण परिवर्तन नभएको ।

**ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**
कुनै जानकारी प्राप्त नभएको ।

**ड) विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

| नाम, थर | पद | शेयर संख्या |
|---|---|---|
| श्री विरेन्द्र कुमार संघई | संचालक, अध्यक्ष | २,५४७,७६० |
| श्री हर्ष वर्धन संघई (त्रिवेणी इनर्जी प्रा.लि.को तर्फबाट प्रतिनिधि) | संचालक (संस्थापक शेयरधनी तर्फ) | १,६०२,००० |
| श्री आशिष कुमार अग्रवाल | संचालक (संस्थापक शेयरधनी तर्फ) | ३०,००० |
| श्री कमलेश कुमार अग्रवाल | स्वतन्त्र संचालक | - |

| | | |
|---|---|---|
| श्री भुपेन महर्जन (सेल्ट्रोन नेपाल प्रा.लि.को तर्फबाट प्रतिनिधि) | संचालक (सर्वसाधारण शेयरधनी तर्फ) | ५,००० |
| श्री श्रीधर खनाल | प्रमुख कार्यकारी अधिकृत | - |
| श्री विष्णु प्रसाद न्यौपाने | कम्पनी सचिव | १,१५० |

कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न नभएको ।

**ढ) विगत आर्थिक वर्षमा कम्पनी संग सम्बन्धित सम्झौताहरुमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**

कम्पनी ऐन, २०६३ को दफा ९२ बमोजिम संचालकहरू बाट प्राप्त भएको जानकारी अनुसार सो व्यक्तिगत स्वार्थ नभएको ।

**ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकम :**

हाल सम्म कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको छैन ।

**त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**

कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनको लागि कम्पनीले तयार पारेको आर्थिक तथा प्रशासन विनियमावली-२०८० हाल संचालक समितिमा अध्ययनको क्रममा रहेको छ । साथै कम्पनीसंग सम्बन्धीत सरकारी निकाय तथा लेखापरीक्षकबाट समय समयमा प्राप्त सुझाव बमोजिम कार्य गरिदै आएको छ ।

**थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

| विवरण | २०८०/८१ (रु.) | २०७९/८० (रु.) |
|---|---|---|
| कर्मचारी खर्च | ५२,९९२,४६६ | ५४,१३९,८२९ |
| व्यवस्थापन तथा अन्य अप्रत्यक्ष खर्च | १६९,०१३,८०१ | ७४,०३५,१८३ |
| **जम्मा** | **२२२,००६,२६७** | **१२८,१७५,०१२** |

मिति २०८१।१।१३ देखि मिति २०८१।२।१५ गते सम्म लिखु ४ जलविद्युत आयोजनाको आकस्मीक मर्मत संम्भारको लागि आयोजनालाई आकस्मीक रुपमा बन्द (Emergency Shutdown) गरिएको थियो । सो अवधि भर आयोजनाको विद्युत उत्पादन पूर्ण रुपमा बन्द भई विद्युत बिक्रीबाट हुने आम्दानी नभएको तथा आयोजनाको टनेलमा मर्मत एवं इलेक्ट्रोमेकानिकल पार्टपूर्जाको मर्मत तथा प्रतिष्थापन गरिएको थियो ।

**द) लेखापरिक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेका काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

प्रस्तुत आर्थिक वर्षमा कम्पनीको लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेका काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण हरू निम्न बमोजिम रहेको छ ।

GREEN VENTURES LIMITED

१. कम्पनीको मिति २०८०।०५।२९ मा बसेको दोस्रो संचालक समितिको बैठकले श्री कमलेश कुमार अग्रवालज्यूको अध्यक्षतामा लेखापरीक्षण समिति गठन गरेको थियो । उक्त समितिको कार्यकाल १(एक) वर्ष र सदस्यहरुको बैठक भत्ता २०७९/२०८० को वार्षिक साधारण सभा बाट पारित संचालकहरुको भत्ता सरह निर्धारण गरेको थियो ।

२. प्रारम्भमा लेखापरीक्षण समितिमा श्री कमलेश कुमार अग्रवाल, श्री साकेत संघई र श्री आशिष कुमार अग्रवाल गरी जम्मा ३ जना सदस्य रहनु भएको थियो । श्री साकेत संघईले व्यक्तिगत कारण देखाउँदै मिति २०८०।१२।०१ मा लेखापरीक्षण समितिको सदस्य पदबाट राजीनामा दिनु भएकोमा निजको राजीनामा मिति २०८०।१२।०५ मा बसेको आठौं संचालक समितिको बैठकले स्वीकृत गरेको थियो । तत्पश्चात लेखापरीक्षण समितिको रिक्त पदमा श्री भुपेन महर्जन ( सेल्ट्रोन नेपाल प्रा.लि. को तर्फबाट प्रतिनिधि) लाई नियुक्त गरिएको थियो ।

३. मिति २०८१।०५।०४ मा बसेको एघारौं संचालक समितिको बैठकले लेखापरीक्षण समितिको कार्यकाल २०८४।०३।२८ सम्म कायम रहने गरि म्याद थप गरिएको थियो ।

४. प्रस्तुत आर्थिक वर्षमा लेखापरीक्षण समितिका सदस्यहरूलाई निम्न बमोजिम बैठक भत्ताहरू भुक्तानी गरिएको छ ।

| नाम थर | पद | पारिश्रमिक | बैठक भत्ता | अन्य सुविधा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| श्री कमलेश कुमार अग्रवाल, संचालक | अध्यक्ष | - | २०,००० | - | २०,००० | - |
| श्री आशिष कुमार अग्रवाल, संचालक | सदस्य | - | २०,००० | - | २०,००० | - |
| श्री भुपेन महर्जन, संचालक (सेल्ट्रोन नेपाल प्रा.लि. को तर्फबाट प्रतिनिधि) | सदस्य | - | १०,००० | - | १०,००० | - |
| श्री साकेत संघई, संचालक | सदस्य | - | १०,००० | - | १०,००० | मिति २०८०।१२।०५ मा राजीनामा स्वीकृत भईसकेको |
| जम्मा | | - | ६०,००० | - | ६०,००० | - |

GREEN VENTURES LIMITED

५.प्रस्तुत आर्थिक बर्षमा तीन वटा लेखापरीक्षण समितिको बैठकहरू बसेको थियो र सो समितिबाट कुनै सुझाव प्राप्त भएको थिएन ।

**ध) संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजका नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

यस सम्बन्धी विवरण वित्तिय विवरणमा उल्लेख छ ।

**न) संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

| नाम, थर | पद | पारिश्रमिक | बैठक भत्ता | अन्य सुविधा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| श्री विरेन्द्र कुमार संघई | संचालक, अध्यक्ष | - | ३०,००० | २९,१३८ | **५९,१३८** | - |
| श्री हर्ष वर्धन संघई (त्रिवेणी इनर्जी प्रा.लि. को तर्फबाट प्रतिनिधि) | संचालक (संस्थापक शेयरधनी तर्फ) | - | ३०,००० | २९,१३८ | **५९,१३८** | - |
| श्री साकेत संघई | संचालक (संस्थापक शेयरधनी तर्फ) | - | १०,००० | ९,१३८ | **१९,१३८** | मिति २०८०।१२।०५ मा राजीनामा स्वीकृत भईसकेको |
| श्री आशिष कुमार अग्रवाल | संचालक (संस्थापक शेयरधनी तर्फ) | - | ३०,००० | २९,१३८ | **५९,१३८** | - |
| श्री अर्पित अग्रवाल | संचालक (संस्थापक शेयरधनी तर्फ) | - | १०,००० | ९,१३८ | **१९,१३८** | मिति २०८०।१२।०५ मा राजीनामा स्वीकृत भईसकेको |
| श्री कमलेश कुमार अग्रवाल | स्वतन्त्र संचालक | - | ३०,००० | २९,१३८ | **५९,१३८** | - |
| श्री भुपेन महर्जन, (सेल्ट्रोन नेपाल प्रा.लि. को तर्फबाट प्रतिनिधि) | संचालक (सर्वसाधारण शेयरधनी तर्फ) | - | ३०,००० | २९,१३८ | **५९,१३८** | - |
| श्री श्रीधर खनाल | प्रमुख कार्यकारी अधिकृत | ५,४५६,६७१ | - | - | **५,४५६,६७१** | - |
| श्री विष्णु प्रसाद न्यौपाने | कम्पनी सचिव | ४२२,५०० | - | - | **४२२,५००** | - |
| **जम्मा** | | **५,८७९,१७१** | **१७०,०००** | **१६३,९६६** | **६,२१३,१३७** | - |

**प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**
सो नभएको ।

**फ) दफा १४१ बमोजिम सम्पति खरिद वा बिक्री गरेको कुराको विवरण :**
सो नभएको ।

**ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण :**
सो नभएको ।

**भ) यस ऐन तथा प्रचलित कानून बमोजिम संचालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**
सो नभएको ।

**म) अन्य आवश्यक कुराहरु :**

१. **मानव संसाधन व्यवस्था :**

शेयरधनी महानुभावहरु, यस कम्पनीको आयोजनामा चौबिसै घण्टा निरन्तर विद्युत उत्पादन भईरहने हुनाले आयोजना स्थलमा आवश्यक अनुभवी कर्मचारीहरुको व्यवस्था गरिएको छ । त्यसैगरी प्रशासनिक तथा लेखा सम्बन्धि कार्यमा अनुभवी र दक्ष जनशक्तिको व्यवस्था गरिएको छ ।

२. **वित्तिय व्यवस्था तथा कर्जा भुक्तानी व्यवस्था :**

यस कम्पनीले लिखु-४ जलविद्युत आयोजना निर्माणको लागी लक्ष्मी सन्राइज बैंक लि.को अगुवाईमा गठन भएको सहवित्तियकरण मार्फत परियोजना कर्जा लिई निर्माण सम्पन्न गरेको र विद्युत उत्पादन पश्चात नियमित रुपमा तोकिए बमोजिमको भुक्तानी तालिका अनुसार बैंकहरुको साँवा तथा ब्याज समेत भुक्तानी गर्दै आएको छ ।

**३. बीमा ब्यवस्था :**

यस कम्पनीको सिभिल संरचना , इलेक्ट्रोमेकानिकल उपकरण, ट्रान्समिसन लाइन आदि सम्पतीको सबै किसिमको जोखिम ब्यहोर्ने गरी कुल रु. १०,१३०,०००,०००।०० को सम्पत्ती बीमा गरिएको छ । सो बाहेक विद्युत उत्पादन कार्य ३० दिन भन्दा बढी बन्द भएमा सो बाट पर्ने व्यवसायीक क्षतिको समेत दावी भुक्तानी पाउने गरी रु. १,५९०,०२५,४४४।६३ को Loss of Profit बीमा गरिएको छ । आयोजनाले तेस्रो पक्ष बीमा समेत गरेको छ । यसका साथै कम्पनीमा कार्यरत कर्मचारीहरुको दुर्घटना तथा बिरामी बीमा गरिएको छ ।

GREEN VENTURES LIMITED

## ४. शेयर कारोबार :

आ.व. २०८०।०८१ मा कम्पनीको शेयर कारोबार निम्नलिखित छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम कारोबार मूल्य | कारोबार दिन | कुल कारोबार (न.) | कुल शेयर कारोबार संख्या | कुल शेयर कारोबार रकम |
|---|---|---|---|---|---|---|
| ६४५।०० | २९९।९० | ६४५।०० | २२९ | ६२,८०१ | ६,११५,७४९ | २,८७३,४४८,९८८।०० |

**धन्यवाद ज्ञापन**

अन्त्यमा,

यस साधारण सभाको अवसरमा कम्पनीले निर्माण गरेको लिखु-४ (५२.४ मे.वा.) जलविद्युत आयोजनामा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सहयोग गरिरहनु भएका कम्पनीका कर्मचारी, सम्पूर्ण सरकारी तथा गैरसरकारी निकाय, संघसंस्था, स्थानिय प्रशासन तथा स्थानीय वासिन्दा लाई कम्पनीको तर्फबाट आभार व्यक्त गर्न चाहान्छु। अन्त्यमा, उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई कम्पनी र कम्पनीको संचालक समिति प्रति देखाउनु भएको सहयोग, सद्भाव र अपार विश्वासलाई भविष्यमा पनि कायम राख्ने आशासहित धन्यवाद ज्ञापन गर्दै संचालक समितिको तर्फबाट तयार गरिएको आ.व. २०८०।०८१ को यस प्रतिवेदनलाई अनुमोदनको लागी प्रस्तुत गर्दछु।

धन्यवाद

संचालक समितिको तर्फबाट,

**श्री विरेन्द्र कुमार संघई**
संचालक, अध्यक्ष

GREEN VENTURES LIMITED

**श्री हर्ष वर्धन संघई**
**संचालक (संस्थापक समूहतर्फ)**
**(त्रिवेणी इनर्जी प्रा.लि.का प्रतिनिधि)**